# स्थानीय सरकार
# मैवाखोला गाउँपालिका
# साँघु,ताप्लेजुङ
कोशी प्रदेश, नेपाल

# वार्षिक बजेट तथा कार्यक्रम
# आ.व. २०८३/८४

प्रस्तोताः
कमल कुमारी लिम्बु
उपाध्यक्ष
मैवाखोला गाउँपालिका, ताप्लेजुङ

# मैवाखोला गाउँपालिका
## साँघु,ताप्लेजुङ
## १९ औं गाउँसभाको बजेट अधिवेशनमा प्रस्तुत
## आ.व. २०८३/०८४ को बजेट वक्तव्य

यस गरिमामय सभाका सभाध्यक्ष महोदय,
सभाका सदस्यज्यूहरु,
उपस्थित राष्ट्रसेवक कर्मचारीहरु,
सुरक्षाकर्मी तथा पत्रकार साथीहरु।

आदरणीय मैवाखोला गाउँपालिकाबासी आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू, साथै देश तथा विदेशमा रहनुभएका सम्पूर्ण महानुभावहरू, यस सम्मानित १९औं गाउँसभा तथा बजेट अधिवेशनमा उपस्थित सम्पूर्ण जनप्रतिनिधि, सरोकारवाला र अतिथिहरूमा हार्दिक न्यानो अभिवादन सहित हार्दिक स्वागत गर्न चाहन्छु।

हामी नेपाली सबैको अथक प्रयासबाट यो मलुकमा स्थापित संघीय लोकतान्त्रिक गणतन्त्रात्मा शासन व्यवस्थाको प्रतिफल स्वरुप सार्वभौमसत्ता सम्पन्न नेपाली जनताबाट निस्रित नेपालको संविधानको धारा २३० को अधिकार प्रयोग गर्दै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम आज यस मैवाखोला गाउँपालिकाको आ.व. २०८३/०८४ को राजश्व र व्ययको अनुमान पेश गर्न उपस्थित भएको छु।
मैवाखोला गाउँपालिका आ.व. २०८३/०८४ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न यो ऐतिहासिक अवसर प्राप्त भएकोमा म आफूलाई गौरवान्वित महसुस गर्दछु।

यस सन्दर्भमा सर्वप्रथम यो मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धतिलाई संस्थागत गर्ने क्रममा भएका विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै उहाँहरुप्रति सम्मान व्यक्त गर्न चाहन्छु।

"समृद्ध नेपाल - सुखी नेपाली" भन्ने नारालाई आत्मसाथ गर्दै यस मैवाखोला गाउँपालिकाको तर्फबाट "सुखी र समृद्ध मैवाखोलाको आधारः अर्गानिक कृषि,शिक्षा,स्वास्थ्य,पर्यटन र पूर्वाधार" भन्ने दीर्घकालिन सोचलाई मुख्य पथप्रदर्शनको रुपमा अंगीकार गर्दै वर्तमान र भविष्यमा प्राप्त हुने सम्पूर्ण स्रोत र साधनको परिचालन गर्ने कार्यमा केन्द्रित रहने गरी यो बजेट प्रस्तुत गर्ने प्रयत्न गरेको छु।

**कानुनी तथा नीतिगत आधार**

नेपालको संविधानले परिकल्पना गरेको लोककल्याणकारी राज्यको अवधारणा, मौलिक हकहरु, राज्यको निर्देशक सिद्धान्त र नीतिहरु, राज्यले अवलम्बन गरेको समाजवाद उन्मुख अर्थतन्त्र, नेपाल सरकारको चालु सोह्रौ पञ्च वर्षीय योजना, नेपाल सरकारको आ.व. २०८३/०८४ को बजेट, कोशी प्रदेश सरकारबाट लागू गरिएको पञ्च वर्षिय आवधिक योजना, प्रदेश सरकारको नीति तथा कार्यक्रम, प्रदेश सरकारको आ.व. २०८३/०८४ को बजेट, हालै पारित गरिएको यस गाउँपालिकाको २०८३/०८४ को नीति तथा कार्यक्रम, दीगो विकास लक्ष्यहरु, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तर-सरकारी वित्त व्यस्थापन ऐन, २०७४, गाउँपालिकाको प्रथमपंञ्चवर्षीय आवधिक विकास योजना,मध्यकालीन खर्च संरचना,आयोजना बैङ्क साथै मिति २०८३ जेष्ठ २७ गते यसै सभाबाट पारित नीति तथा कार्यक्रम, सरोकारवाला साझेदार संघ संस्था तथा विज्ञहरुबाट प्राप्त सुझाव, अन्य प्रचलित कानून समेतलाई ध्यानमा राखी यो बजेट तर्जुमा गर्ने प्रयत्न गरेको छु ।

**सभाध्यक्ष महोदय !**

अब म मैवाखोला गाउँ कार्यपालिकाको चालु आ.व. २०८२/०८३ को मिति २०८३/०३/०८ गते सम्म भएको खर्चको प्रगति प्रतिवेदन पेश गर्न चाहन्छु।

चालु बजेट तर्फ रु २८ करोड ७७ लाख ९७ हजार रहेकोमा १८ करोड २० लाख ९९ हजार (६३.२७ %) खर्च भएको छ भने पुँजीगततर्फ रु. १६ करोड ३० लाख ३ हजार रहेकोमा रु ५ करोड ९२ लाख १२हजार (३६.३२%)खर्च भएको छ। समग्रमा जम्मा रु. ४५ करोड ८ लाख बजेट रहेकोमा २४ करोड १३ लाख १२ हजार (५३.५२ %) खर्च भएको देखिन्छ।

त्यसै गरी चालु आ.व. २०८२/०८३ को हालसम्मको आन्तरिक आय रु ६५ लाख अनुमानित गरिएकोमा रु. ३६ लाख ७३ हजार (%)मात्र आम्दानी भएको छ।

**सभाध्यक्ष महोदय !**

अब म मैवाखोला गाउँपालिकाको विद्यमान प्रमुख चुनौतीहरु, बजेटको सोच, लक्ष, उद्धेश्य तथा अपेक्षित उपलब्धिहरु सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु ।

**१. चुनौतीहरुः**

- पालिकालाई आत्मनिर्भर बनाउनु,
- सीमित बजेट बाट असीमित आवश्यकता सम्बोधन गर्नु,
- बसाईं सराई न्यूनीकरण गर्नु,
- यातायातलाई सरल र सहज बनाउनु,
- आन्तरिक आय वृद्धि गर्नु,

- गुणस्तरीय स्वास्थ्य तथा शिक्षा प्रदान गर्नु,
- करको दायरा फराकिलो पार्नु,
- आय आर्जन र रोजगारी सिर्जना गर्नु,
- कृषिमा आत्मनिर्भर बनाउनु,
- उत्पादित वस्तुको बजारीकरण गर्नु,
- बाल विवाह न्यूनीकरण गर्नु,
- प्राकृतिक विपत्तिको सामना गर्नु ।

**२. बजेटको सोच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलब्धिहरू:**

**क) दीर्घकालीन सोचः**

"सुखी र समृद्ध मैवाखोलाको आधार, अर्गानिक कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार"

**ख) लक्ष्यः**

मौलिक संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्दै अर्गानिक कृषि दीगो पर्यटन लगायत सामाजिक तथा पूर्वाधारको विकास गरी आय र रोजगारीको माध्यमबाट नागरिकको जीवनस्तरमा गुणात्मक वृद्धि भएको हुनेछ।

**ग) बजेटका उद्देश्यहरूः**

- स्थानीय आवश्यकता सम्बोधन गर्दै जनताको जीवनस्तर सुधार गर्ने,
- कृषि, पशुपालन, पर्यटन तथा उद्यमशीलता प्रवर्द्धन गरी गाउँपालिकालाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउने र बजारीकरणमा टेवा पुर्याउने,
- रासायनिक मलको न्यूनीकरण र प्राङ्गारिक मल उत्पादन तथा प्रयोगमा प्रोत्साहन गरी अर्गानिक गाउँपालिका निर्माण गर्ने लक्ष हासिल गर्ने,
- गुणस्तरीय शिक्षाको माध्यमबाट दक्ष, अनुशाशित, श्रम र उत्पादनप्रति सकरात्मक, राष्ट्रिय भावना तथा आफू मैवाखोला बासी भएकोमा गर्व गर्ने सक्षम जनशक्तिको विकास गर्ने,
- "सुखी, स्वस्थ र सक्षम बालबालिका, समृद्ध मैवाखोला गाउँपालिका" भन्ने लक्ष्य सहित अघि बढी रहेको बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणा गर्ने अभियानलाई निरन्तरता दिने,
- पर्यटकीय क्षेत्रहरू तथा रैथाने भाषा, कला, साहित्य, संस्कृति तथा भेषभुषाको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धन गर्ने।
- आधारभूत पूर्वाधारको दिगो विकास गर्ने,
- सामाजिक न्याय र समावेशी विकास सुनिश्चित गर्ने,
- सेवा प्रवाहलाई छिटो, सरल र प्रविधिमैत्री बनाउने,
- शासन, पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्ने,
- अधुरा रहेका पूर्वाधारहरु सम्पन्न गर्ने,

**घ) अपेक्षित उपलब्धिहरू:**

- प्रशासनिक भवन निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आउने,
- प्राङ्गरिक मल उद्योग सञ्चालनमा ल्याई कृषकहरूलाई प्राङ्गारिक मल वितरण कार्य शुरु हुने,
- स्वास्थ्य बीमामा नागरिकको पहुँच बढाई नागरिकको स्वास्थ्य उपचारमा टेवा पुग्ने,
- ६ वटै वडाहरूमा स्वास्थ्य चौकी स्थापना गरी आधारभूत स्वास्थ्य सेवा उपलब्ध हुने,
- विपद् पीडित ६५ घर परिवारलाई स्थायी आवास व्यवस्थापन कार्य शुरु हुने,
- बाह्रै माहिना गाउँपालिका भित्र र बाहिर जाने यातायात आवतजावत हुने गरी सडकको स्तरोन्नती हुने।
- विपन्नहरुको फुसको छानो पूर्ण रुपमा प्रतिस्थापित गरी सुरक्षित आवासको प्रत्याभूति दिलाउने,
- मैवाखोला मा.वि.को खेल मैदान निर्माण कार्य सम्पन्न हुने,
- बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणा हुने,
- कृषकहरुलाई उन्नत जातका विउ विजन उपलब्ध गराई व्यवसायिक बनाउने,
- प्रविधि तथा नवप्रवर्तनको प्रयोग मार्फत सेवा प्रवाहलाई छिटो, सहज, पारदर्शी र प्रभावकारी बनाउँदै स्थानीय आर्थिक तथा सामाजिक विकासमा टेवा पुग्ने ।

अव म आ.व. २०८३/०८४ को आय तर्फ स्रोत अनुमान पेश गर्न चाहन्छु।

| आ.व. २०८३/८४ को आय तर्फ स्रोत अनुमान | | | |
|---|---|---|---|
| क्र.स. | आय | बजेट | कैफियत |
| १ | वित्तीय समानीकरण संघ | ९५,३००,००० | |
| २ | वित्तीय समानीकरण प्रदेश | ८,४८९,००० | |
| ३ | सशर्त अनुदान संघ(चालु) | १६४,४००,००० | |
| ४ | सशर्त अनुदान संघ(पुँजीगत) | ४,३००,००० | |
| ५ | सशर्त अनुदान प्रदेश | ४,४००,००० | |
| ६ | आन्तरिक आय | ७,२०७,५६३ | |
| ७ | आन्तरिक आय मौज्दात | ४५,२८६,०९३ | |
| ८ | राजश्व बाँडफाँड संघ | ७५,३५८,००० | |
| ९ | राजश्व बाँडफाँड प्रदेश | ५,३४६,३४४ | |
| १० | विशेष अनुदान संघ | १६,०००,००० | |
| ११ | विशेष अनुदान प्रदेश | - | |
| १२ | समपूरक अनुदान संघ | ३,५००,००० | |
| १३ | समपूरक अनुदान प्रदेश | १६,०००,००० | |
| १४ | गैर सरकारी संस्थाहरु बाट | ७,५६६,०८० | |
| **जम्मा** | | **४५३,१५३,०८०** | |

**श्रद्धेय सभाध्यक्ष महोदय,**

अब म विषयगत क्षेत्र र सोको उपक्षेत्रहरुमा निर्धारण गरिएको योजना तथा कार्यक्रम र सोको लागि विनियोजित बजेटको सम्बन्धमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## १. सामाजिक विकास

शिक्षा, स्वास्थ्य तथा पोषण, खानेपानी तथा सरसफाई, लक्षित वर्ग तथा सामाजिक समावेशीकरण, भाषा, कला, साहित्य, संस्कृति तथा सम्पदा संरक्षण र आयुर्वेद तर्फ गरी एकमुष्ट रू ५ करोड १५ लाख ७८ हजार बजेट विनियोजन गरेको छु।

### १.१ शिक्षा क्षेत्रतर्फः

शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्न उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने अपेक्षा गरिएको छ।
यस वर्ष पनि गत आ.व.मा गरिएका जस्तै नियमित गर्नुपर्ने कार्यक्रमहरुः शेर्पा र आनिपान भाषा पठनपाठन, बालविकास तथा विद्यालय कर्मचारीको थप तलब भत्ता, राष्ट्रपति रनिङशिल्ड, अतिरिक्त क्रियाकलाप, शैक्षिक क्यालेण्डर, प्र.अ. प्रोत्साहन भत्ता, उत्कृष्ट प्र.अ तथा शिक्षकहरूलाई पुरस्कार,बाल विकासदेखि कक्षा १० सम्मका विद्यार्थीहरूलाई प्रोत्साहनका लागि न्यानो कपडा वितरण, पालिका भित्रका विषयगत शिक्षकमध्येबाट विषयगत विज्ञ शिक्षक उत्पादन लगायतका कार्यक्रमको लागि रू १ करोड ९७ लाख बजेट विनियोजन गरेको छु।

### १.२ युवा तथा खेलकुद तर्फः

राष्ट्रपति रनिङशिल्ड खेलकुद प्रतियोगिताको माध्यमबाट विद्यालय उमेरदेखि नै बालबालिकाको सक्रिय सहभागिता सुनिश्चित गर्दै सम्भाव्य सबै प्रकारका खेलकुद गतिविधिहरूको विकास र विस्तार गरिनेछ। यस अन्तर्गत विद्यालयस्तरमा भलिबल, फुटबल तथा मार्सल आर्ट तर्फ सितोरियो कराँते, उसु, तेक्वान्दो,कबड्डी लगायतका खेलहरूको नियमित प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न आवश्यक खेल प्रशिक्षकहरूको व्यवस्था गरिनेछ।

यस कार्यक्रममार्फत खेलकुद क्षेत्रमा दक्ष, अनुशासित तथा व्यवसायिक जनशक्ति उत्पादन गर्ने लक्ष्य लिइएको छ। साथै, खेलकुदलाई गाउँपालिकाको पहिचान र गौरवसँग जोड्दै खेलाडीहरूको उज्ज्वल भविष्य सुनिश्चित गर्न आर्थिक तथा सामाजिक संरक्षण र प्रोत्साहन प्रदान गरिनेछ।यस प्रयोजनका लागि रु ६९ लाख बजेट विनियोजन गरेको छु।

### १.३ स्वास्थ्त तथा पोषण तर्फः

**“स्वस्थ नागरिक, स्वस्थ मैवाखोला”**को अवधारणालाई आत्मसात गर्दै विपन्न तथा लक्षित वर्गका नागरिकलाई स्वास्थ्य बीमामा आबद्ध गराई गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्ने लक्ष्य लिइएको छ ,यसको लागि **“अध्यक्ष स्वास्थ्य बिमा कार्यक्रम”** संचालन गर्न आवश्यक बजेट रु ३५ लाख विनियोजन गरेको छु।

त्यस्तै नागरिकहरूलाई आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने लक्ष्य सहित आवश्यक बजेटको व्यवस्था गर्दै जेष्ठ नागरिक तथा अपाङ्गता भएका 'क' र 'ख' वर्गका व्यक्तिहरूलाई घर घरमै गई स्वास्थ्य परीक्षण गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छु। गर्भवती आमा तथा सुत्केरी आमाहरूलाई मातृ पोषण कार्यक्रम अन्तरगत उपाध्यक्ष चेसुङ कार्यक्रमलाई निन्तरता दिन आवश्यक बजेटको व्यवस्था गरेको छु । स्वास्थ्य संस्थाहरूमा निःशुल्क प्रदान गरिने ९८ प्रकारका औषधी खरिद तथा वितरण एवं दीर्घ रोगीहरूलाई उपचार सहयोग गर्न अध्यक्ष स्वास्थ्य सहयोग कोषको व्यवस्था गर्दै स्वास्थ्य संस्थाहरूमा आवश्यक उपकरणहरूको व्यवस्था सहित गाउँपालिकाका नागरिकहरूको स्वास्थ्य सुधारका लागि आवश्यक रु १ करोड २७ लाख ५३ हजार रकम विनियोजन गरेको छु।

### १.४ खानेपानी तथा सरसफाई तर्फः

गाउँपालिकामा रहेका खानेपानीका मुहानहरु संरक्षण तथा मर्मत गर्न, खानेपनीको गुणस्तर चेक जाँच गर्न, गाउँपालिकाको प्रशासनिक भवनमा खानेपानीको व्यवस्था गर्न रु **४५ लाख ५ हजार** रकम विनियोजन गरेको छु।

### १.५ लक्षित तथा सामाजिक समावेशीकरण तर्फः

बाल बालिकाहरूको हक अधिकार सुनिश्चित गर्ने उद्धेश्यले बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणा गर्ने अभियानलाई सफल पार्न आवश्यक वजेट विनियोजन गरेको छु। गाउँपालिका भित्रका दलित समुदायहरूलाई लक्षित गरी उनीहरूको आर्थिक, सामाजिक, सांस्कृतिक एवं शैक्षिक पक्षको सशक्तिकरणका लागि स्थापना गरिएको "दलित शशक्तिकरणका लागि अध्यक्ष कोष"लाई निरन्तरता दिएको छु।

त्यसै गरी “अपतकालीन बाल उद्धार कोष”,“लैंगिक हिंसा निवारण कोष” ,ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई न्यानो कपडा वितरण कार्यक्रम, तिज विशेष कार्यक्रमको लागि आवश्यक बजेट व्यवस्था गरेको छु। अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमलाई निरन्तरता दिन

आवश्यक वजेट विनियोजन गरेको छु। लक्षित वर्ग तथा सामाजिक समावेशीकरण तर्फ आवश्यक बजेट रू **६२ लाख २० हजार** बजेट विनियोजन गरेको छु।

### १.६ भाषा,कला साहित्य, संस्कृति तथा सम्पदा संरक्षण तर्फः

गाउँपालिका क्षेत्र भित्रका रैथाने भाषा, कला, साहित्य र संस्कृति तथा भेषभुषाको संरक्षण तथा प्रवर्द्धन गरी भाषिक, सांस्कृतिक एकता र सद्भाव कायम गर्न रू ८ लाख ५० हजार बजेट विनियोजन गरेको छु।

### १.७ आयुर्वेद तर्फः

आयुर्वेद औषधालय साँघुको लागि औषधि खरिद गर्न, नसर्ने रोगको उपचार गर्न ,आयुर्वेद गाउँघर क्लिनिक सञ्चालन र एक घर ५ योग ५ जडिबुट्टी तालिम सञ्चालन गर्न रु ६ लाख ५० हजार बजेट विनियोजन गरेको छु।

## २. आर्थिक विकास

कृषि, पशुपंक्षी, सहकारी, सिँचाइ, उद्योग, व्यवसाय एवम् उद्यम विकास, पर्यटन र श्रम तथा रोजगारका क्षेत्रहरुमा एकमुष्ट रु २ कारोड १० लाख ४२ हजार बजेट विनियोजन गरेको छु।

### २.१ कृषि विकासतर्फ

कृषिमा अर्गानिक पालिका बनाउन रासायनिक मलको प्रयोगमा न्यूनीकरण र प्रतिस्थापन गर्न र कृषकहरुलाई व्यावसायिक बनाउनकोलागि जैविक विषादी खरिद, जैविक मल उत्पादन, कृषकहरुलाई मकैको विउ वितरण, नर्सरी व्यवस्थापन गर्न रू ५९ लाख बजेट विनियोजन गरेको छु।

### २.२ पशुपंछी विकासतर्फ

पशुपंछिमा लाग्ने विभिन्न रोगहरुको उपचार तथा रोकथाम गर्नको लागि औषधि खरिद तथा नमुना बाख्रापालन कार्यक्रमको लागि रु १५ लाख बजेट विनियोजन गरेको छु।

### २.३ सहकारी क्षेत्रतर्फ

मैवाखोला गाउँपालिका भित्रका सक्रिय रूपमा सञ्चालित सहकारीहरूलाई थप चलायमान र क्षमता विकाश गर्नकोलागि सहकारी सम्बन्धी १० वर्षे नीति तर्जुमा तथा आवश्यक नीति तर्जुमा गर्न रु ८ लाख वजेट विनियोजन गरेको छु।

### २.४ सिँचाईतर्फ

गाउँपालीका भित्रका साना सिँचाई आयोजनाहरूको निर्माण तथा सञ्चालन र व्यवस्थापन गरी उत्पादनमा वृद्धि गर्ने उद्धेश्यले रु २६ लाख बजेट विनियोजन गरेको छु ।

### २.५ उद्योग, व्यावसाय एवं उद्यम विकासतर्फ

मैवाखोला गाउँपालिकामा उपलब्ध कृषि, पशुजन्य, वनजन्य तथा अन्य स्थानीय स्रोत र कच्चा पदार्थहरूको औद्योगिकीकरण तथा मूल्य अभिवृद्धि गरी रोजगारी सिर्जना, आयवृद्धि र स्थानीय अर्थतन्त्रको विकास गर्ने उद्देश्यले औद्योगिक ग्राम स्थापनाका लागि आवश्यक सम्भाव्यता अध्ययन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

मैवाखोलाका जनताहरुलाई उद्यमशील बनाउने उद्धेश्यले उद्यमशीलता तथा व्यावसायिक योजना बनाउने तालिम र पुराना उद्यमीहरुलाई एड्भान्स सिप विकास तालिम, प्रत्येक वडामा शेयर कारोबार सम्बन्धी तालिम ,स्थानीय उत्पादित वस्तुहरूको बजार प्रवर्द्धन गर्न स्थानीय एवं प्रदेशस्तरीय व्यापार मेला, प्रदर्शनीहरुमा सहभागिताको लागि रु ३४ लाख बजेट विनियोजन गरेको छु।

### २.६ पर्यटन विकासतर्फ

पर्यटन विकास अन्तर्गत वडा नं. २ को आइतबारे देवीथान संरक्षण, फाखोङ्देन पोखरी संरक्षण लगायत अन्य कार्यका लागि रु १४ लाख बजेट विनियोजन गरेको छु।

### २.७ श्रम तथा रोजगारतर्फ

रोजगार, सीप तथा उद्यमशीलता सम्बन्धि एकिकृत सेवा अन्तर्गत यस पालिकामा सुचीकृत वेरोजगार युवाहरुलाई स्वरोजगार वनाउने उद्धेश्यले “नवप्रवर्तनमा आधारित अध्यक्ष स्वरोजगार कार्यक्रम” र गाउँपालिकाको सत प्रतीशत साझेदारीमा रोजगार,सीप तथा उद्यमशीलता सम्बन्धी एकीकृत सेवा प्रवाह गर्न रु ५४ लाख ४२ हजार बजेट विनियोजन गरेको छु।

## ३. पूर्वाधार विकास

सडक, भवन तथा वस्ती विकास क्षेत्रहरूमा एकमष्ट रु ६ करोड ७४ लाख ८८ हजार रकम बजेट विनियोजन गरेको छु ।

### ३.१ सडकतर्फ

मैवाखोला गाउँपालिकाका नागरिकहरूलाई सहज, सुरक्षित तथा भरपर्दो यातायात सेवाको पहुँच विस्तार गरी जनजीवनलाई थप सहज र गुणस्तरीय बनाउन सडक तथा यातायात पूर्वाधारको विकास र स्तरोन्नतिलाई प्राथमिकतामा राखी आवश्यक बजेट विनियोजन गरेको छु। गाउँपालिकाभित्रका सडक सञ्जालको विस्तार, स्तरोन्नति तथा नियमित मर्मत संभारमार्फत् वर्षभरी यातायात सञ्चालनयोग्य बनाउने नीति अवलम्बन गरिएको छ।जसको लागि रू २ करोड ५० लाख ७९ हाजार रकम बजेट विनियोजन गरेको छु।

### ३.२ भवन तथा वस्ती विकासतर्फ

एकीकृत वस्ती गुरुयोजना निर्माण, प्रशासनिक भवनको बाहिरी मैदान सम्याउन, प्रशासनिक भवनमा लिफ्ट फिटिङ्ग तथा ट्रस्ट भर्याङ् जडान गर्न, पहिरो विस्थापितहरुलाई पुनःस्थापना गर्न, सोनाम छयोलिङ् गुम्बा निर्माणकार्य सम्पन्न गर्न, वडा न.४ को अधुरो स्वास्थ्य संस्था सम्पन्न गर्न, गंगा आ.वि.खेलमैदान निर्माण, प्राङ्गरिक मल उद्योग घेराबारा, महेन्द्र मा.वि.को अधुरो भवन निर्माण, मालीङ्गेनी आ.वि. को चर्पी निर्माण लगायत सबै वडामा रहेका भौतिक संरचना निर्माण तथा मर्मतसंभार, घेराबारा लगायतका कार्य गर्नकालागि रु. ४ करोड २४ लाख ९ हजार रकम बजेट विनियोजन गरेको छु।

## ४. वन, वातावरण तथा विपद् व्यवस्थापन

वन तथा जैविक विविधता, वातावरण स्वच्छता तथा फोहोरमैला व्यवस्थापन, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन र अनुकुलनका क्षेत्रहरूमा एकमुष्ट रु २० लाख ५९ हजार रकम विनियोजन गरेको छु।

### ४.१ वातावरण स्वच्छता तथा फोहोरमैला व्यवस्थापनतर्फ

डम्पिङ साइट निर्माण क्रमागत गर्न र जैविक अजैविक फोहोर व्यवस्थापन कार्यक्रम रु ६ लाख ५९ हजार बजेट विनियोजन गरेको छु।

### ४.२ विपद व्यवस्थापन तथा जलवायु परिवर्तन र अनुकूलनतर्फ

प्राकृतिक तथा गैरप्राकृतिक विपद् बाट हुन सक्ने जनधनको क्षति न्यूनीकरण, विपद् जोखिम व्यवस्थापन तथा प्रभावकारी प्रतिकार्यलाई सुदृढ गर्न स्थापना गरिएको स्थानीय विपद् व्यवस्थापन कोषलाई यस आर्थिक वर्षमा समेत निरन्तरता दिएको छु।

जलवायु परिवर्तनका कारण जनजीवन, कृषि उत्पादन, पूर्वाधार तथा वातावरणमा पर्न सक्ने प्रतिकूल असर न्यूनीकरण गर्न जनचेतना अभिवृद्धि, विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, रोकथाम, खोज तथा उद्धार कार्यलाई थप प्रभावकारी बनाउन रु १४ लाख बजेट विनियोज गरेको छु।

## ५. सूचना प्रविधितर्फ

पत्रकारिता, छपाई तथा सूचना प्रकाशन, ए.आई. साक्षरता तथा साईवर सुरक्षा सम्बन्धी अभिमुखीकरण कार्यक्रमको लागी रु २० लाख बजेट विनियोजन गरेको छु।

## ६. सुशासन तथा संस्थागत विकासतर्फ

राष्ट्रसेवक कर्मचारीहरूको मनोबल उच्च राख्दै आफ्नो जिम्मेवारी, कर्तव्य तथा सेवाप्रति सदैव उत्प्रेरित र उत्तरदायी बनाउन उत्कृष्ट कर्मचारी सम्मान कार्यक्रमलाई यस आर्थिक वर्षमा पनि निरन्तरता दिएको छु। विभिन्न शाखा तथा सेवामा कार्यरत कर्मचारीहरूमध्ये कार्यसम्पादन, अनुशासन र सेवाप्रवाहमा उत्कृष्ट योगदान पुऱ्याउने कर्मचारीहरुलाई वार्षिक रूपमा नगद पुरस्कारसहित सम्मानपत्र प्रदान गर्ने व्यवस्था गरिएको छ।

समाजवाद उन्मुख अर्थतन्त्रको अवधारणाअनुरूप श्रमको सम्मान तथा श्रमिकको हकहित संरक्षणलाई आत्मसात गर्दै नेपाल सरकारले निर्धारण गरेको न्यूनतम पारिश्रमिक तथा प्रचलित तलबमान कार्यान्वयन गर्न आवश्यक बजेट व्यवस्थापन गरिएको छ। यस अनुरूप गाउँपालिकामा कार्यरत स्थायी कर्मचारी, शिक्षक तथा अन्य राष्ट्रसेवक कर्मचारीहरूको तलब, भत्ता तथा सेवा सुविधाका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

स्थानीय तहको न्याय सम्पादन प्रणालीलाई थप प्रभावकारी, सहज र नागरिकमैत्री बनाउन न्यायिक समितिको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ। न्यायिक समितिको कार्यसम्पादन सुदृढीकरण, मेलमिलाप प्रक्रियाको प्रभावकारिता वृद्धि तथा मेलमिलापकर्ताहरूको क्षमता विकासका लागि पुनर्ताजगी तालिम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

गाउँपालिका तथा वडा कार्यालयमा कार्यरत कर्मचारी, कार्यालय सहयोगी तथा गाउँपालिकाको स्रोतबाट पारिश्रमिक प्राप्त गर्ने करार सेवाका कर्मचारीहरूको सेवा निरन्तरताका लागि आवश्यक बजेट व्यवस्था गरेको छु। साथै, सामुदायिक विद्यालयमा कार्यरत प्रारम्भिक बालविकास शिक्षक, विद्यालय कर्मचारी, आधारभूत तथा माध्यमिक तहमा अनुदान कोटामा कार्यरत शिक्षकहरूको मासिक

पारिश्रमिक तथा सेवा सुविधाको सुनिश्चितताका लागि करार सेवा शुल्क शीर्षकमा आवश्यक बजेट विनियोजन गरेको छु।

कर्मचारी तथा शिक्षकहरूको पेशागत सुरक्षा, उत्प्रेरणा र कार्यसम्पादनमा सुधार ल्याई सेवा प्रवाहलाई थप प्रभावकारी, उत्तरदायी तथा नागरिकमैत्री बनाउने अपेक्षा यस बजेटले लिएको छ।

समग्र सुशासन तथा संस्थआगत विकासतर्फ रु ९ करोड २८ लाख २० हजार बजेट विनियोजन गरेको छु।

**सभाध्यक्ष महोदय !**

यस सम्मानित गाउँसभाबाट स्वीकृत नीति तथा कार्यक्रमको आधारमा तर्जुमा गरिएका आयोजना तथा कार्यक्रमहरूको कार्यान्वयनका लागि विनियोजित बजेट तथा त्यसका स्रोतहरूको विस्तृत विवरण अनुसूचीहरूमा समावेश गरिएको हुँदा यस वक्तव्यमा संक्षिप्त रूपमा मात्र प्रस्तुत गरेको छु।

हाल राष्ट्रिय तथा स्थानीय अर्थतन्त्रमा देखिएको आर्थिक सुस्तता, संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान एवं राजस्व परिचालनमा परेको प्रभाव तथा गाउँपालिकाको आन्तरिक आयमा आएको सङ्कुचनका कारण उपलब्ध स्रोत र साधन सीमित रहन गएको अवस्था विद्यमान छ। यस्तो परिस्थितिमा गाउँपालिकावासी नागरिकहरूको बढ्दो आवश्यकता, आकांक्षा तथा विकासका असिमित मागहरूको पूर्ण सम्बोधन एकै आर्थिक वर्षमा गर्न सम्भव छैन भन्ने यथार्थलाई हामी सबैले आत्मसात गर्नुपर्ने अवस्था रहेको छ।

तथापि, सीमित स्रोत र साधनको अधिकतम उपयोग गर्दै गाउँपालिकाको दीर्घकालीन समृद्धि, दिगो विकास, सामाजिक न्याय तथा जनजीवनमा प्रत्यक्ष सकारात्मक प्रभाव पार्ने योजनाहरूलाई उच्च प्राथमिकतामा राखी बजेट तर्जुमा गर्ने प्रयास गरेको छु। यस बजेटले कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार, रोजगार, सुशासन तथा सामाजिक विकासका क्षेत्रमार्फत गाउँपालिकाबासीको जीवनस्तर उकास्न महत्वपूर्ण योगदान पुग्ने विश्वास लिएको छु।

**सभाका सभाध्यक्ष महोदय,**

संघीय तथा प्रदेश वित्तीय हस्तान्तरणमा आएको सङ्कुचनले आगामी आ.व. २०८३/०८४ को लागि कुल बजेटमा वृद्धि हुन सकेन र आगामी आ.व.को बजेटको लागि रु. ४५ करोड ३१ लाख ५३ हजार ८० रुपैंया बजेट प्रस्ताव पेश गरेको छु।

**अन्त्यमा,**

यस सम्मानित गाउँसभामा प्रस्तुत गरिएको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति, कार्यक्रम तथा बजेटको सफल कार्यान्वयनका लागि सम्पूर्ण जनप्रतिनिधि, राजनीतिक दल, कर्मचारी, नागरिक

समाज तथा आम गाउँपालिकाबासीहरूको सक्रिय सहयोग, समन्वय र सहभागिताको हार्दिक अपेक्षा गर्दछु।

सीमित स्रोत र साधनका बीच पनि जनताको आवश्यकता, विकासको आकांक्षा र दिगो समृद्धिको लक्ष्यलाई केन्द्रमा राखी तयार गरिएको यो बजेटले "समृद्ध मैवाखोला, सुखी मैवाखोलाबासी" को साझा लक्ष्य हासिल गर्न महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिएको छु।

अन्त्यमा, यस सम्मानित गाउँसभाप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

**धन्यवाद !!!**